# निक्षेप तथा कर्जा सुरक्षण कोष
केन्द्रिय कार्यालय

## कोषमा रिक्त रहेका विभिन्न पदहरू खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्ने सम्बन्धीको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०५/१३ गते शुक्रबार )**

लोक सेवा आयोगको सहमति अनुसार लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुने गरी यस कोषमा रिक्त रहेका निम्न अधिकृत तथा सहायक पदहरु खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका तथा कोषको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७४ को विनियम २२ अनुसार अयोग्य नठहरिएका नेपाली नागरिकहरुले यस कोषले उपलब्ध गराएको दरखास्त फारममा भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो भन्दा माथिका शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रतिलिपि स्वयं आफैले प्रमाणित गरीर हालै खिचिएको पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो सहित दरखास्त फारम भरी यस कोषको केन्द्रिय कार्यालय, प्रशासन विभाग गहना पोखरीमा यो सूचना प्रकाशित भएको २१ दिनभित्र दरखास्त पेश गर्न आह्वान गरिएको छ। उक्त २१ दिनभित्र दरखास्त दिन नसक्ने व्यक्तिहरुले सो म्याद नाघेको ७ दिनभित्र दोब्बर दस्तुर तिरेर दरखास्त बुझाउन सक्नेछन्। आफूले दिने पदको लागि तोकिएको परीक्षा दस्तुर सिटिजन्स बैंक इन्टरनेशनल लि. को चल्ती खाता नं. ००१०१००००२५८८२०१ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न हुनु पर्नेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। म्यादभित्र दर्ता नभएको र रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं | पद | तह | सेवा, समूह/उपसमूह | आवश्यक न्यूनतम शैक्षिक योग्यतार कार्य अनुभव | आवश्यक संख्या | | | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | काम गर्नु पर्ने स्थान | खुल्ला/समावेशी | माग संख्या | |
| १/२०७६/७७ | अधिकृत | ७ | प्रशासन | वाणिज्य, अर्थशास्त्र, वाणिज्य कानुन, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी २ वर्ष बैंक/वित्तीय संस्थाको अधिकृत तहमा सेवा गरेको हुनुपर्ने। तर कोषको सेवामा स्थायी रुपमा कार्यरत कर्मचारीको हकमा कोषको हालको कर्मचारी सेवा विनियमावली, २०७४ स्वीकृति हुनु पूर्व जुनसुकै विषयमा स्नातकोत्तर गरेको भए पनि मान्यता दिइनेछ। | के.का. काठमाडौं र शा.का.हरु | खुल्ला | १ | रु. ८००।- तर एउटै पदको खुल्ला र समावेशी तर्फको दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु. ४००।- |
| २/२०७६/७७ | अधिकृत | ७ | प्रशासन | | के.का. काठमाडौं र शा.का.हरु | महिला | १ | |
| ३/२०७६/७७ | अधिकृत | ७ | प्रशासन | | के.का. काठमाडौं र शा.का.हरु | आ.ज. | १ | |
| ४/२०७६/७७ | अधिकृत | ७ | प्रशासन | | के.का. काठमाडौं र शा.का.हरु | मधेशी | १ | |
| ५/२०७६/७७ | सहायक अधिकृत | ६ | प्रशासन | वाणिज्यशास्त्र, अर्थशास्त्र, वाणिज्य कानून, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह उत्तिर्ण वा CA, ACCA, CPA उत्तिर्ण गरेकोतर कोषको सेवामा स्थायी रुपमा कार्यरत कर्मचारीको हकमा कोषको हालको कर्मचारी सेवा विनियमावली, २०७४ स्वीकृति हुनु पूर्व जुनसुकै विषयमा स्नातकोत्तर गरेको भए पनि मान्यता दिइनेछ। | के.का. काठमाडौं र शा.का.हरु | खुल्ला | ३ | रु. ७००।- तर एउटै पदको खुल्ला र समावेशी तर्फको दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु. ३००।- |
| ६/२०७६/७७ | सहायक अधिकृत | ६ | प्रशासन | | के.का. काठमाडौं र शा.का.हरु | मधेशी | १ | |
| ७/२०७६/७७ | सहायक अधिकृत | ६ | प्रशासन | | के.का. काठमाडौं र शा.का.हरु | दलित | १ | |
| ८/२०७६/७७ | कम्प्युटर सहायक | ४ | प्राविधिक | १०+२ उत्तीर्ण गरेको र न्यूनतम कम्प्युटरको office package को तालिम लिएको। | के.का. काठमाडौं र शा.का.हरु | खुल्ला | १ | रु. ५००।- तर एउटै पदको खुल्ला र समावेशी तर्फको दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु. २००।- |
| ९/२०७६/७७ | कम्प्युटर सहायक | ४ | प्राविधिक | | के.का. काठमाडौं र शा.का.हरु | महिला | १ | |
| १०/२०७६/७७ | कम्प्युटर सहायक | ४ | प्राविधिक | | के.का. काठमाडौं र शा.का.हरु | आ.ज. | १ | |

१. **उम्मेदवारको उमेर** : दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र सहायक स्तरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हद ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर यस कोषको सेवामा स्थायी रुपमा बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

२ **परीक्षाको किसिम :** लिखित, अर्न्तवार्ता र कम्प्युटर विषय भएका पदको हकमा प्रयोगात्मक परीक्षा समेत हुनेछ।

३. **समकक्षता निर्धारण प्रमाणपत्र :** उपर्युक्त पदहरुमा दरखास्त दिने उम्मेदवारले विदेशमा हासिल गरेको शैक्षित योग्यता भएमा सोको साथमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्नेछ।

४. **सम्पर्क मिति र स्थान :** २०७६/०६/१० गतेका दिन बिहान ११:०० बजे, निक्षेप तथा कर्जा सुरक्षण कोष, केन्द्रिय कार्यालय, गहना पोखरी, काठमाडौं।

५. **परीक्षा हुने मिति र स्थान** : लिखित परीक्षा **लोक सेवा आयोगबाट संचालन हुनेछ** र सो सम्बन्धी मिति र स्थान सम्पर्क मितिमा तोकिनेछ।

६. **दरखास्त फारम दस्तुर :** निक्षेप तथा कर्जा सुरक्षण कोषबाट रु. १००।- तिरी कार्यालय समय भित्र दरखास्त फाराम प्राप्त गर्न सकिने छ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**गहनापोखरी, काठमाडौं।**